**02 June, 2025**

आकाशवाणी

समाचार पारसमणि दंगालबाट सुन्नुहोस्

मुख्य समाचार

**Under Play**

- वैश्विक हवाई यातायात उद्योगमा भारतको भूमिका अग्रणी रहेको प्रधानमन्त्रीले बताउनु भयो
- स्वच्छ ऊर्जा, हरित हाइड्रोजन र जैव इन्धन जस्ता क्षेत्रमा आफ्नो सम्बन्धलाई अझ बलियो बनाउने भारत र पाराग्वेको निर्णय
- विभिन्न देशमा भारतको पक्ष राख्दै सात सर्वदलीय प्रतिनिधिमण्डल
- उत्तर सिक्किममा भलपैह्रोका कारण 3 जनाको मृत्यु
- अष्ट्रेलियाका स्टार अलराउन्डर ग्लेन म्याक्सवेलले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटबाट लिए सन्यास , अनि
- भोलि आईपीएलको फाइनलमा पञ्जाब र बेङ्गलुरु भिड्ने

प्रधानमन्त्री - IATA

प्रधानमन्त्री नरेन्द्र मोदीले वैश्विक हवाई यातायात उद्योगमा भारतको उड्डयन क्षेत्रको अग्रणी भूमिका रहेको र यो अहिले आत्मविश्वासले भरिपूर्ण रहेको बताउनु भएको छ। श्री मोदीले आज नयाँ दिल्लीको भारत मण्डपममा अन्तर्राष्ट्रिय हवाई यातायात संघ IATA को ८१ औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै यस्तो विचार साझा गर्नुभयो। प्रधानमन्त्रीले भारत विश्वव्यापी एयरोस्पेस सञ्चालनमा एक अग्रणी शक्तिको रूपमा उदाइरहेको बताउनु भयो। श्री मोदीले भन्नुभयो, उडान योजनाको सफलता भारतीय नागरिक उड्डयनमा एक स्वर्णिम अध्याय हो। अब भारत विश्वको तेस्रो ठूलो घरेलु उड्डयन बजार बनेको छ। उहाँले भन्नुभयो, भारत विश्वव्यापी उड्डयन क्षेत्रको प्रमुख बजार हुनुका साथै नीतिगत नेतृत्व, नवीनता र समावेशी वृद्धिको प्रतीक हो।

पाराग्वे - राष्ट्रपति भ्रमण

भारत र पाराग्वेले स्वच्छ ऊर्जा, हरित हाइड्रोजन र जैव इन्धन जस्ता क्षेत्रमा आफ्नो सम्बन्धलाई अझ बलियो बनाउने निर्णय गरेका छन्।

नयाँ दिल्लीमा आज प्रधानमन्त्री नरेन्द्र मोदी र पाराग्वेका राष्ट्रपति सेन्टियागो पेना पलासियोसबीच प्रतिनिधिमण्डलस्तरीय वार्ताका क्रममा यस्तो निर्णय भएको हो। दुवै देशले साइबर अपराध, संगठित अपराध र लागूपदार्थको तस्करी उन्मूलन गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन्।

प्रधानमन्त्री श्री मोदीले आतंकवाद विरुद्धको लडाइँमा दुवै देश एकसाथ रहेको बताउनु भएको छ। श्री मोदीले भन्नुभयो, दुवै देशसँग डिजिटल प्रविधि, कृषि, रक्षा, रेलवे, अन्तरिक्ष लगायतका क्षेत्रहरूमा धेरै सम्भावित अवसरहरू छन्। उहाँले भन्नुभयो, पाराग्वे दक्षिण अमेरिकामा एक मूल्यवान साझेदार हो र दुवै देशहरू साझा मूल्यमान्यताहरूले जोडिएका छन्। उहाँले भन्नुभयो, व्यापार सम्बन्धलाई प्रवर्द्धन गर्ने अपार सम्भावना पनि छ।

पाराग्वेका राष्ट्रपति तीन दिने भारत भ्रमणमा आज नयाँ दिल्ली आउनु भएको हो। राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति जगदीप धनखडलाई पनि भेट गर्ने उहाँको कार्यक्रम रहेको छ।

राष्ट्रपति सेन्टियागो पेनाले बुधबार मुम्बईको भ्रमण गर्दै महाराष्ट्रका राजनीतिज्ञ, व्यापार तथा उद्योग जगतका प्रतिनिधि र प्राविधिक अधिकारीहरूलाई भेट्नु हुनेछ।

सर्वदलीय प्रतिनिधिमण्डल

अपरेशन सिन्दूर अन्तर्गत भारतको निरन्तर प्रयास र आतंकवाद विरुद्धको भारतको सैद्धान्तिक अडान अनुरूप, सांसदहरू सम्मिलित सात सर्वदलीय प्रतिनिधिमण्डल आफ्नो आउट रिच कार्यक्रम अन्तर्गत विभिन्न देशको भ्रमणमा छन्। सर्वदलीय प्रतिनिधिमण्डलहरूले सबै प्रकारका आतंकवाद विरुद्ध शून्य सहनशीलताको भारतको बलियो सन्देश विश्वलाई दिइरहेका छन्। सांसद सुप्रिया सुलेको नेतृत्वमा रहेको प्रतिनिधिमण्डल इजिप्ट पुगेको छ। सांसद संजय कुमार झाको नेतृत्वमा रहेको सर्वदलीय प्रतिनिधिमण्डलले मलेसियाको भ्रमण गरेको छ। सांसद श्रीकान्त शिन्देको नेतृत्वमा रहेको सर्वदलीय प्रतिनिधिमण्डलले लाइबेरियामा रहेका भारतीय समुदायका सदस्यहरूसँग अन्तरक्रिया गरेको थियो। सांसद रविशंकर प्रसादको नेतृत्वमा रहेको सर्वदलीय प्रतिनिधिमण्डलले ब्रिटेनका विदेशमन्त्री प्रीति पटेलसँग भेट गरेको छ।

सांसद बैजयन्त जय पाण्डाको नेतृत्वमा रहेको सर्वदलीय प्रतिनिधिमण्डल अल्जेरिया पुगेको छ।

सांसद शशि थरूरको नेतृत्वमा रहेको सर्वदलीय प्रतिनिधिमण्डल हाल ब्राजिलको भ्रमणमा छ। प्रतिनिधिमण्डल भोलि अमेरिका पुग्नेछ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

**Gong**........

सिक्किम-भल पैह्रो

हिजो साँझ उत्तर सिक्किमको मंगन जिल्ला अन्तर्गत छतेन क्षेत्रमा गएको पैह्रोमा परी तीन जनाको मृत्यु भएको छ। पैह्रोले नजिकैका घरहरूमा पनि क्षति पुर्‍याएको छ। केही अन्य बेपत्ता भएको अनुमान गरिएको छ र उद्धार कार्य जारी छ। अहिलेसम्ममा तीन जनाको शव निकालिएको छ। तीनै जना सेनाका जवान रहेको बताइएको छ।

यसैबीच, लाचु□बाट १ हजार ६ सय ७८ जना पर्यटकहरूलाई सकुशल बाहिर निकालिएको छ। पर्यटकहरूलाई लिएर सवारीसाधनहरू लोवर जो□गुको फिदा□ पुगेका छन्। २९ मईदेखि मुसलधारे वर्षा भएपछि उत्तर सिक्किमको अवस्था बिग्रिँदै गएको हो। राज्यमा १३० मिलिमिटरभन्दा धेरै वर्षा भएकाले लाचेन, लाचु□, गुरुदो□मार, युमथा□ भेल्ली र जिरो पोइन्ट लगायतका प्रमुख पर्यटकीय स्थलहरूमा गम्भीर क्षति पुगेको छ।

भारी वर्षाका कारण धेरै ठाउँमा पहिरो गएका छन् र धेरै पुलहरू भत्किएका छन्, जसले गर्दा महत्त्वपूर्ण सडकहरूमा क्षति पुगेका छन्। हाल, सडक सम्पर्क पुनर्स्थापित गर्ने प्रयास भइरहेको मंगनका जिल्लापालले बताउनु भएको छ।

बाइट... डीसी -14

कोभिड

देशभरि ३ हजार ९६० भन्दा धेरै सक्रिय कोभिड-19 का मामिलाहरू प्रकाशमा आएका छन्। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार, केरलमा सबैभन्दा धेरै १ हजार ४३५ मामिलाहरू रिपोर्ट गरिएका छन्। त्यसपछि महाराष्ट्रमा ५०६ र दिल्लीमा ४८३ मामिलाहरू छन्।

जेईई-एडवान्स परिणाम

भारतीय प्रौद्योगिकी संस्थान कानपुरले आज जेईई एडवान्स परीक्षा 2025 को परिणाम घोषणा गरेको छ। जेईई एडवान्स परीक्षा भारतीय प्रौद्योगिकी संस्थान अनि तकनीकी शिक्षाका अन्य सहभागी संस्थानहरूमा स्नातक पाठ्यक्रमहरूमा प्रवेशका लागि आयोजन गरिन्छ।

प्रधानमन्त्री - एथलेटिक्स च्याम्पियनसिप

प्रधानमन्त्री नरेन्द्र मोदीले दक्षिण कोरियामा भएको एसियाली एथलेटिक्स च्याम्पियनसिपमा भारतीय खेलाडीहरूको प्रदर्शनको प्रशंसा गर्नुभएको छ। श्री मोदीले खेलाडीहरूको उत्कृष्ट प्रदर्शनमा देशले गर्व गरेको बताउनु भएको छ। उहाँले भन्नुभएको छ, प्रतियोगिताभरि प्रत्येक खेलाडीको कडा परिश्रम र दृढ संकल्प स्पष्ट रूपमा देखिन्थ्यो। श्री मोदीले खेलाडीहरूलाई उनीहरूको भविष्यका लागि शुभकामना पनि दिनु भएको छ।

ग्लेन म्याक्सवेल

अष्ट्रेलियाका स्टार अलराउन्डर क्रिकेटर ग्लेन म्याक्सवेलले आज एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यासको घोषणा गरेका छन्। म्याक्सवेलले १३ वर्षको एकदिवसीय करियरपछि सन्यासको घोषणा गरेका हुन्। म्याक्सवेल २०१५ र २०२३ मा दुईवटा आईसीसी विश्वकप उपाधि जित्दा अष्ट्रेलियाको टीमको अंश थिए। उनले अगस्ट २०१२ मा डेब्यू गरेका थिए र १४९ एकदिवसीय खेलमा ३ हजार ९९९ रन बनाएका थिए अनि ७७ विकेट पनि लिएका थिए।

थाइल्याण्ड ओपन

थाइल्याण्ड ओपन अन्तर्राष्ट्रिय बक्सि प्रतियोगिताको चौथो संस्करणमा भारतले दुई स्वर्ण, एक रजत र पाँच काँस्य पदक जितेर अभियानको समापन गरेको छ। प्रतियोगितामा दीपक र नमन तन्वरले स्वर्ण पदक जिते।

आईपीएल

आईपीएल क्रिकेटको फाइनलमा भोलि पञ्जाब किंग्स र रोयल चैलेन्जर्स बेङ्गलुरुमाझ भिडन्त हुनेछ। पञ्जाब किंग्सले हिजो राति क्वालीफायर टू भिडन्तमा मुम्बई इन्डियन्सलाई 5 विकेटले पराजित गरेर

फाइनलमा प्रवेश गरेको हो। फाइनल खेल भोलि अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा बेलुकी सात बजी शुरू हुनेछ।

मुख्य समाचार फेरि एकपल्ट

**Under Play music**

- वैश्विक हवाई यातायात उद्योगमा भारतको भूमिका अग्रणी रहेको प्रधानमन्त्रीले बताउनु भयो
- स्वच्छ ऊर्जा, हरित हाइड्रोजन र जैव इन्धन जस्ता क्षेत्रमा आफ्नो सम्बन्धलाई अझ बलियो बनाउने भारत र पाराग्वेको निर्णय
- विभिन्न देशमा भारतको पक्ष राख्दै सात सर्वदलीय प्रतिनिधिमण्डल
- उत्तर सिक्किममा भलपैह्रोका कारण 3 जनाको मृत्यु
- अष्ट्रेलियाका स्टार अलराउन्डर ग्लेन म्याक्सवेलले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटबाट लिए सन्यास , अनि
- भोलि आईपीएलको फाइनलमा पञ्जाब र बेङ्गलुरु भिड्ने